" कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे ,कालिकोट

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या : २०७९।०८०

च. नं. : ८८

हलुका सवारी साधन (जिप) भाडामा लिने सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित सूचना न. ८ मिति : २०८०।०१।३१

प्रस्तुत विषयमा यस तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रयोजन र योजना अनुगमन तथा सुपरिवेक्षण कार्यका लागी एक चार पाङ्ग्रे हलुका सवारी साधन (जिप) आवश्यक भएकाले तपशिल बमोजिमको मापदण्ड र शर्तहरुको अधिनमा रही इच्छुक सवारी साधन धनीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफुले दिन चाहेको भाडा दरको शिलवन्दी दरभाऊ पेश गर्नहुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

**सवारी साधनमा हुनुपर्ने मापदण्डहरु**

(१) चार पाङ्ग्रे
(२) Four Wheeler
(३) कम्तिमा ५ सिट यात्रु क्षमता भएको
(४) मोडेल २०१५ वा सो भन्दा माथि
(५) कच्चि बाटो र पहाडी बाटोमा समेत सजिलै गुड्न सक्ने हुनुपर्ने।

**पेश गर्नु पर्ने कागजपत्रहरु**

(१) कर सहितको मासिक भाडा दरको शिलवन्दी दरभाऊपत्र
(२) नविकरण भएको सावरी दर्ता प्रमाण पत्र (ब्लुबुक)को प्रतिलिपी
(३) चालक अनुमति पत्रको प्रतिलिपी
(४) बिमालेख पत्रको प्रतिलिपी,नागरिकता प्रतिलिपी

**शर्तहरु**

(१) सवारी साधन चालकको पारिश्रमिक,तलब,भत्ता लगायतका सेवा सुविधा,सवारी साधनको मर्मत संभार र सवारी कर तथा बहाल कर स्वंयम् सवारी धनीले नै व्यहोर्नु पर्नेछ।
(२) गाडी प्रयोग हुदाको बखत इन्धन कार्यालयले नै व्यहोर्ने गरी भाडामा लिनेछ।
(३) सवारी साधनको हाल लाई भाडा मिति २०८० जेष्ठ १ गतेका दिन देखि २०८०-आषाढ मशान्त सम्म मात्र लागु हुनेछ
(४) सवारी साधन सम्झौता अवधिभर पुर्णतया कार्यालयको अधिन र प्रयोगमा रहनेछ।

पुनश्च : गाडी भाडामा लिने।नलिने सम्वन्धी सम्पुर्ण अधिकार,नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

२०८०।१।३१

लाल वहादुर मल्ल
प्रमुख प्रशासकिय अधिकृत

लाल बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत